# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, पुस १३ गते, २०७८ साल (अतिरिक्ताङ्क ३२

# भाग २

## प्रदेश सरकार

## कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सूचना

प्रदेश नं. ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्मन्धी ऐन, २०७५ को दफा १९ बमोजिम प्रदेश सरकारले उक्त ऐनको अनुसूचीमा देहाय बमोजिम हेरफेर गरेको छ ।

१. अनुसूची-१ को पदाधिकारी तथा सदस्यको सुविधा शीर्षकको टेवुलको छैठौं कोलमको शीर्षकमा रहेको **"सत्तापक्षको प्रमुख सचेतक र सभापति"** भन्ने शब्दहरुको सट्टा **"सभापति, सत्तापक्षमा प्रमुख सचेतक र विपक्षी दलका प्रमुख सचेतक"** भन्ने शब्दहरु राखिएका छन् ।

२. अनुसूची-१ को सातौ कोलमको शीर्षकमा रहेको **"विपक्षी दलको प्रमुख सचेतक / सत्तापक्षको सचेतक / दलको प्रमुख सचेतक"** को सट्टा **"दलको नेता/ दलको प्रमुख सचेतक / सत्तापक्षको सचेतक र विपक्षी दलको सचेतक"** भन्ने शब्दहरु राखिएका छन् ।

३. अनुसूची-१ को क्र.सं. ३ मा रहेका आवाश सुविधा अन्तर्गत विपक्षी दलको नेताको कोलममा रहेको **"१५०००।-"** को सट्टा **"२५०००।-"** र सभामुख र उपसभामुख वाहेक अन्य बाँकी कोलममा रहको **"१५०००।-"** को सट्टा **"१७०००।-"** राखिएको छ ।

४. अनुसूची-१ को क्र. सं. ५ मा रहेको सवारी इन्धन सुविधा अन्तर्गत सभामुखको कोलममा रहेको **"२००।-"** को सट्टा **"२४०।-"** उपसभामुख र विपक्षी दलको नेताको कोलममा रहेको **"१५०।-"** को सट्टा **"२००।-"** राखिएको छ ।

५. अनुसूची-१ को क्र.सं. ५ र ६ मा रहेको सवारी इन्धन र भौतिक सुविधा अन्तर्गत **"विपन्न दलको प्रमुख सचेतक/ सत्तापक्षका सचेतक / दलको प्रमुख सचेतकको कोलममा रहेको १५० (विपक्षी दलको प्रमुख सचेतकलाई मात्र)"** भन्ने शब्दहरु झिकिएका छन् ।

६. अनुसूची-१ को द्रष्टब्यका क्र.स. २ मा रहेका **"सत्ता पक्षको सचेतक विपक्षको दलको सचेतक र दलको प्रमुख सचेतक"** भन्ने शब्दहरुको सट्टा

**"दलको नेता, दलको प्रमुख सचेतक, सत्तापक्षको सचेतक र विपक्षी दलको सचेतक"** भन्ने शब्दहरु राखिएका छन् ।

७. अनुसूची-२ को निजि सचिवालय र स्वकीय कर्मचारी सुविधाको कोलम शीर्षकमा रहेको **"सत्ता पक्षको प्रमुख सचेतक / विपक्षी दलको प्रमुख सचेतक"** भन्ने शब्दहरुको सट्टा **"सभापति, सत्ता पक्षको प्रमुख सचेतक र विपक्षी दलको प्रमुख सचेतक"** भन्ने शब्दहरु राखिएका छन् ।

८. अनुसूची-२ को सभापति भन्ने कोलम हटाइएको छ ।

९. अनुसूची-२ मा **"दलका नेता"** भन्ने शब्दको सट्टा **"दलका नेता, दलको प्रमुख सचेतक, सत्तापक्षका सचेतक र विपक्षी दलका सचेतक"** भन्ने शब्दहरु राखिएका छन् ।

१०. अनुसूची-२ को क्र.सं. ९ मा रहेको अथिति सत्कार सुविधा अन्तर्गत विपक्षीदलको नेता र उपसभामुखको शेलमा रहेको **"३०००।-"** को सट्टा **"५०००।-"** राखिएको छ ।

**आज्ञाले,**
**राजेन्द्र थापा**
**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय